प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : २२८ ॥ २०८१ असोज १४ गते सोमबार (30th Sep 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## आफ्नै कारणले अधुवाबाट अप्ठ्यारो

# नाम बिगारे, खोला पनि सके



बिर्तामोड(प्रस) । करिव एक दशकअघि अधुवा खोलाले बिर्तामोडको धेरै घरमा डुबान पारेको थियो । वर्षेनि केही न केही क्षति गर्दै आएको अधुवा खोलाको बाढीबाट यस वर्ष १७ परिवारका ८६ जना बिस्थापित भए । बिर्तामोड -३ स्थित सिर्जना टोलमा अधुवा खोलाको बाढी पसेपछि त्यस टोलका धेरैजना बिस्थापित बनेका हुन् । उनीहरुलाई उद्धार गरी अनारमनी पब्लिक क्याम्पसमा राखिएको थियो ।त्यस्तै अधुवा खोलामा आएको बाढी पस्दा बिर्तामोड- ३ सैनिकमोडको ओमसाई फर्निचर उद्योगमा ठूलो क्षति हुन पुगेको छ । भद्रपुर-६ घर भएका मुन्ना साहले संचालन गरेको सो फर्निचर उद्योगमा बाढी पस्दा फर्निचर उद्योगभित्र रहेका मेसिन तथा सामानमा गरी अन्दाजी १४ लाख ४१ हजार बराबरको क्षति पुर्याएको प्रहरीले जनाएको छ । अधुवा खोलाको साविक धारलाई अतिक्रमण गरी साँघुर्याएपछि यसले बितण्डा मच्चाएको हो ।खोलाको भेललाई हेर्दा काठमाडौंको बागमती र विष्णुमतीजस्तै अधुवा खोलालाई पनि सम्हाल्न नसकिने भएको छ । उहिले आकाशको पानी खस्ने ठाउँ थियो । धान खेतहरु थिए । आकाशको पानी खस्ने ठाउँ मेटिसकियो भने धानखेतहरू पनि मासिसकियो । पानी अडिने जग्गामा बस्तीहरू बसेका छन् । विकासका नाममा अधुवा खोलालाई मासेर घर बनाइएको छ । बिर्तामोडमा शिरदेखि पुछारसम्म खोलालाई साँघुरो बनाइएको छ । न पानी सोस्ने ठाउँ छ, न बग्ने ठाउँ । खोला बढेर सिधा बस्तीमा पुग्ने भयो । खोला बस्तीमा होइन, बस्ती खोलामा गएको हो ।

पुराना पैनी सबै मासेर बाटो बनाइएको र बिर्तामोडका सबै ड्रेन अधुवा खोलामा मिसाउँदा बिर्तामोड दक्षिणतिर भयावह समस्या आएको बिर्तामोड- ३ का वडाध्यक्ष मदन बुढाथोकी बताउँछन् । बिर्तामोडको विनायक होटल छेउमा अधुवा खोला करिव २५ फुटमा साघुँर्याइएको छ । भएभरका सबै पानी खन्याइदिँदा दक्षिणातिर बिर्तामोड ३ , ९ र १० मा खोलालाई ४०-५० फुट छोड्दासमेत पानी अट्न समस्या भएको उनको बुझाई छ । यसलाई व्यवस्थित नगर्दा अधुवा खोलाबाट ठूलै क्षति बेहोर्नुपर्ने देखिएको उनको चिन्ता व्यक्त गरे ।

अर्जुनधारा नगरपालिका वडा न. ९ को कालिस्थान पश्चिमपट्टिको चिया बगानबाट उम्रेको जरुवा पानी नै अधुवा खोलाको मुहान हो । अर्जुनधारा ९ र ६ हुँदै अधुवा खोला बिर्तामोड आइपुगेको छ । बिर्तामोड ५ र १ को सिमाना हुँदै बिर्तामोड ४ र त्यसपछि बिर्तामोड ३,९ ,१० सम्म पुग्छ । त्यहाँबाट अधुवा खोला दक्षिणातिर बग्दै जाँदा भुतेनी खोलाको रुपमा चिनिएको छ । जलथल र राजगढको सीमा खोलाको रुपमा बग्दै जाँदा बिरिङ नदीमा मिसिन्छ । हिमाल , पहाड र चुरेसम्म मुहान नभएपनि वर्षायाममा अधुवा खोलामा ठूलै भेल आउँछ । एक दशकअघि बिरिङको बिन्दुली बाँध फुटेर अधुवामा मिसिँदा थामिनसक्नु भएको थियो । अधुवा खोलालाई संरक्षण गर्नेतर्फ ध्यान दिनुको साटो यसलाई अतिक्रमण गर्ने , दूषित बनाउनेतर्फ अग्रसर भएको पाइएको छ । बिर्तामोड नगरपालिकामा जनप्रतिनिधि आउनुअघि नेकपा माओवादी केन्द्रका कुवेर श्रेष्ठको संयोजकत्वमा परियोजना संचालन गर्ने चर्चा चलेको थियो । लाखौ रुपैयाँ बजेट आएको बताइएपनि त्यो कहाँ गयो भन्ने कसैले खोजी गरेका छैनन् । त्यस्तै बिर्तामोडका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले अधुवा खोलाको बारेमा मीठा मीठा कुरा गरेपनि त्यो गफमै सीमित बन्यो । अहिले फेरि अधुवा खोला करिडोरको हल्ला चलेको छ । बिर्तामोडको बिच भागबाट बग्ने अन्धुवा खोलासँग सम्बन्धित एकीकृत विकास परियोजनाका लागि आर्थिक वर्ष २०८०-८१ मा झापा क्षेत्र न. २ का संघीय सांसद एवम् प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेको पहलमा ७० लाख बजेट छुट्टिएको छ । बाह्रै महिना बग्ने अधुवा खोला सिंचाईका लागि उपयोगी मात्र नभएर यसको ऐतिहासिक महत्व पनि रहेको छ । महाभारतकालमा पाण्डवपुत्र भीमले हालको किचकबधमा विराट राजाका सेनापति किचकलाई बध गरेपछि आफ्नो शरीरमा लागेको रगत सोही खोलामा पखालेपछि (अंग धोएपछि) त्यसको नाम अंग धुवा रहन गएको भन्ने पुरानो किंवदन्ती रहेको छ । पछि अंगधुवा शव्द अपभ्रंश हुँदै आन्धुवा भएको थियो । दश वर्षअघि पनि आफूहरुले त्यस खोलालाई आन्धुवा भन्ने गरेको बिर्तामोड- ९ का बेलकसिंह राजवंशी बताउँछन् । केही वर्षयता त्यस खोलाको नाम आन्धुवाबाट अधुवा हुँदै अदुवा भनेर बिगारेको उनको गुनासो छ ।

## झापाली मन्त्री दाहालसंग बजेट माग्नेको ओइरो



झापा(प्रस) । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री देवेन्द्र दाहाल केही दिनदेखि गृहजिल्ला झापामा छन् । जिल्लाको विभिन्न ठाउँको अनुगमनमा रहेका दमक निवासी दाहालसंग बजेट माग्नेको ओइरो नै लागेको छ । यसक्रममा नेकपा एमाले जिल्ला कमिटी झापाले मन्त्री दाहाललाई विभिन्न योजनाका लागि बजेट माग गर्दै आइतवार स्मरणपत्र बुझाएको छ । जिल्ला पार्टी कार्यालयमा मन्त्री दाहाललाई बधाई ज्ञापन गर्न आयोजित कार्यक्रममा नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरीले स्मरणपत्र बुझाएका हुन् । झापामा निर्माण भइरहेका सडक र पुलहरु रकम अभावमा अलपत्र परेकाले तिनीहरुको कामलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने, हुलाकी राजमार्ग, एशियन हाइवे, मदन भण्डारी राजमार्ग र रेलमार्ग अन्तर्गतका सडक पुलहरुको काममा देखापरेका सबै असजिलाहरुको हल गरी अबिलम्ब निर्माण कार्य सुचारु गराउनु पर्ने , केचना-

❖ बाँकी अन्तिम पृष्ठमा

## बेपत्ता भएको दुई दिनपछि नेहारिका मृत भेटिइन्



झापा(प्रस) । जमुना खोलाले बगाएको दुई दिनपछि झापा कचनकवलकी १५ वर्षीया बालिका नेहारिका मृत भेटिएकी छन् । बगाएको ठाउँदेखि करिव २ किलोमिटर दक्षिण धानबारीमा आइतवार दिउँसो १२.३० बजे उनको शव फेला परेको हो । चमारभिट्ठा गाउँदेखि करिव पाँच सय मिटर पूर्व नेपाल भारत सीमा नजिक खोलाको डिल धानवारीमा उनको शव फेला परेको कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले बताए । खोजी गर्नेक्रममा यसअघि आइतवार बिहान उनको साइकल भेटिएको थियो ।

कचनकवल गाउँपालिका-१ झकुवाटोली बस्ने पँचु राजवंशीकी छोरी नेहारिकालाई शुक्रवार दिउँसो जमुना खोलाले बगाएको थियो । भारतमा रहेकी सानिमाको घरबाट पाहुना खाई घर फर्कने क्रममा चमारभिट्ठा पुल छेउमा पुगेपछि उनलाई खोलाले बगाएको थियो । अविरल वर्षापछि आएको बाढीमा झापामा एकै दिन डुबेर तीनजना बेपत्ता भएका थिए । बेपत्ता भएकामध्ये गौरीगञ्ज गाउँपालिका वडा नं. २ बगहाचौधरी र वडा नं. ४ को बेलडाँगी बीच सिमानामा रहेको किस्ने खोलाको पुलबाट हामफालेका केमालाल ताजुरियाको शव शनिवार साँझ भेटिएको थियो । उनको शव पुलको दक्षिणपट्टि काशघारीमा अड्किएको अवस्थामा फेला परेको थियो । त्यस्तै शुक्रवार साँझ नै किस्ने खोलामा बेपत्ता भएका कमल गाउँपालिका वडा न. १ बस्ने मुसे भन्ने ३५ वर्षीय टिकाराम चौधरी भने अझै भेटिएका छैनन् । शुक्रवारदेखि नै प्रहरी टोली खटिएर चौधरीको खोजी गरिएपनि हालसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




## सिटीसफारी चार्ज गर्दा करेन्ट लागेर मृत्यु

झापा(प्रस) । सिटीसफारी चार्ज गर्दा करेन्ट लागेर सुनसरीमा एकजनाको मृत्यु भएको छ । शनिवार राति ८.३० बजे सुनसरीको बराहक्षेत्र नगरपलिका-४ बराहक्षेत्रमा आफ्नै घरमा सिटीसफारी चार्ज गर्ने क्रममा अचानक करेन्ट लाग्दा ५५ बर्षीय भिखन चौधरीको घटनास्थलमा नै मृत्यु भएको हो ।



उनका आफन्तले प्रहरीलाई खवर गरेपछि चकरघट्टी महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले जिल्ला अस्पताल इनरुवा लगी आइतवार दिउँसो १ बजे चौधरीको शव पोस्टमार्टम गरी आफन्तलाई बुझाइएको प्रहरीले जनाएको छ ।

**शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि.**

मुख्य कार्यालय : बिर्तामोड नगरपालिका-४ झापा, फोन : ०२३-५९०४६६

सूचना जारी मिति : २०८१/०५/२३

**१२ औं साधारण सभा सम्बन्धी सूचना !**

शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि. को १२ औं वार्षिक साधारण सभाका कार्यक्रमहरु निम्न मिति, स्थान र समयमा हुने भएकाले अनिवार्य सहभागिताका लागि शेयर सदस्यज्यूहरुलाई अनुरोध गरिएको छ । अतः तपसिल बमोजिम इकाइगत रुपमा हुने साधारण सभामा उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ । इकाइगत साधारण सभामार्फत् प्रतिनिधि छनोट गरी साधारण सभाको अन्तिम कार्यक्रममा माइन्युट प्रमाणित गरिनेछ ।

**इकाइगत साधारणसभा**

१. सदस्य सेवा केन्द्र धुलाबारी : २०८१ असोज ९ गते बुधबार । स्थान : मेचीनगर सहकारीको सभाहल । समय : बिहान १०:०० बजे ।
२. सदस्य सेवा केन्द्र दुहागढी : २०८१ असोज १० गते बिहीबार । स्थान : राम जानकी मन्दिर, धाइजनमोड । समय : बिहान १०:०० बजे ।
३. सदस्य सेवा केन्द्र शनिश्चरे : २०८१ असोज ११ गते शुक्रबार । स्थान : पितृ भवन । समय : बिहान १०:०० बजे ।
४. सदस्य सेवा केन्द्र दुर्गापुर : २०८१ असोज १२ गते शनिबार । स्थान : दलित सामुदायिक भवन ।
५. सदस्य सेवा केन्द्र चैतुबारी : २०८१ असोज १२ गते शनिबार । स्थान : पञ्चरत्न माविको सभाहल ।
६. मुख्य कार्यालय बिर्तामोड : २०८१ असोज १६ गते बुधबार । स्थान : अग्रसेन भवन । समय : बिहान १०:०० बजे ।

**साधारण सभाको अन्तिम माइन्युट प्रमाणिकरण कार्यक्रम :**


मिति : २०८१ असोज १६ गते बुधबार । स्थान : अग्रसेन भवन, बिर्तामोड । समय : दिउँसो २:०० बजे ।

**कार्यक्रमहरू :**

- सञ्चालक समितिका तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुत एवम् पारित ।
- लेखा परीक्षण प्रतिवेदन प्रस्तुत एवम् पारित ।
- आव २०८१/०८२ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत एवम् पारित ।
- लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण ।

सूर्यकुमार खतिवडा
सचिव

# देशभर १ सय ४८ जनाको मृत्यु, ५५ बेपत्ता



झापा(प्रस) । बाढीपहिरो र डुबानमा परी हालसम्म देशभर एक सय ४८ को मृत्यु भएको छ भने ५५ जना बेपत्ता भएका छन् । विपद्मा परी एक सय एकजना घाइते भएका छन् ।

बाढी, पहिरोमा परी धादिङमा ३८, ललितपुरमा २२, काठमाडौंमा १६, काभ्रे २९, मकवानपुर सात, सिन्धुपाल्चोक छ, सोलुखुम्बु पाँचथर र भक्तपुरमा पाँच/पाँच जनाले ज्यान गुमाएको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए । उनका अनुसार दोलखामा तीन, सिन्धुलीमा दुई, धनकुटा दुई, महोत्तरी दुई, रामेछाप एक, झापा दुई, उदयपुर एक, इलाम एक, सप्तरी एक र नुवाकोटमा एक जनाको मृत्यु भएको छ ।

बाढीपहिरो प्रभावित क्षेत्रमा खोजी र उद्धारका लागि नौ हजार नौ सय ८३ सुरक्षाकर्मी परिचालन गरिएको तथा हालसम्म तीन हजार ६६१ जनाको उद्धार गरिएको प्रवक्ता तिवारीले बताए ।

यसैगरी बाढीपहिराले तीन सय २२ वटा घरमा क्षति र १६ पुल बगाएको सशस्त्र प्रहरी बलले उपलब्ध गराएको पछिल्लो तथ्यांकमा उल्लेख छ ।

# बिर्तामोडको अन्तर वडा फुटबलको तयारी पूरा

बिर्तामोड(प्रस) । बडादसैँको अवसर पारेर झापाको बिर्तामोड नगर खेलकुद विकास समितिले गर्ने अन्तर वडा फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ ।









यसअघि असोज १४ गतेदेखि हुने भनिएको पाँचौं संस्करणको प्रतियोगिता असोज १६ गतेदेखि २३ गतेसम्म हुने समितिका उपाध्यक्ष तथा प्रतियोगिता संयोजक सन्तोष गुरुङले बताए ।

बिर्तामोड नगरपालिकाका १० वटा वडाहरुबीच हुने प्रतियोगिता यो वर्ष सैनिक बजारमा रहेको महेन्द्रज्योति माविको खेलमैदानमा हुनेछ । प्रतियोगिताको विजेताले नगद एक लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ भने उपविजेताले नगद ५० हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने समिति सदस्य विशाल अग्रवालले बताए ।

त्यस्तै, सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार र ट्रफी पाउँदा प्रत्येक खेलका प्लेयर अफ द म्याचले नगद दुई हजार र ट्रफी पाउने छन् । विधागत रुपमा उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर र फरवार्डले नगद पाँच हजार र ट्रफी पाउने अग्रवालले जानकारी दिए ।

प्रतियोगिता सम्पन्न गर्न आठ लाख ४६ हजार रुपैयाँ लाग्ने अनुमान गरिएको समितिले जनाएको छ ।

# त्रिवि र पूर्वाञ्चलको परीक्षा स्थगित



झापा(प्रस) ।त्रिभुवन विश्वविद्यालयले स्नातक तहको सम्पूर्ण परीक्षा स्थगित गरेको छ । असोज १० देखि सञ्चालनमा रहेको मानविकी, शिक्षा शास्त्र तथा व्यवस्थापन सङ्काय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत स्नातक तह दोस्रो वर्षको आइतबार हुने परीक्षा स्थगित भएको त्रिविले जनाएको छ ।

आंशिक तर्फको बि.ए., बि.एड. बि.बि.एस. र बि.एस्सीको आज (आइतबार) हुने परीक्षा देशभर उत्पन्न भएको मौसमको प्रतिकुलताका कारण स्थगित गरिएको जनाएको छ ।

यो परीक्षा असोज २१ मा सोही परीक्षा केन्द्र र समयमा सञ्चालन हुने त्रिविले सूचना प्रकाशित गरेको छ । त्यसैगरी पूर्वाञ्चल विश्वविद्यालयको परीक्षा व्यवस्थापन कार्यालयले सोमबारसम्मको परीक्षा स्थगित गरेको छ । त्रिवि र सीटीइभीटीले आइतबारको मात्रै परीक्षा स्थगित गरेकोमा पूर्वाञ्चलले सोमबारको पनि परीक्षा स्थगित गरेको हो ।

व्यवस्थापन, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, चिकित्सा शास्त्र, कला, शिक्षा शास्त्र संकायका विभिन्न शैक्षिक कार्यक्रमहरूको सेमेस्टर तथा वार्षिक प्रणालीअन्तर्गत नियमित, आंशिक र मौका परीक्षाहरू सञ्चालन भइरहेको छ । 'देशभर अविरल वर्षाका कारण जटिल परिस्थिति उत्पन्न भएकाले आइतबार र सोमबार सञ्चालन हुने सम्पूर्ण परीक्षाहरू अर्को सूचना प्रकाशित नभइन्जेल सम्मका लागि स्थगित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ,'सूचनामा भनिएको छ ।

# झापाका बाढीपीडितलाई राहत वितरण

झापा(प्रस) । बाढीबाट बिस्थापित बनेका झापाका बाढीपीडतहरुलाई राहत वितरण गरिएको छ । कचनकवल गाउँपालिकाले आफ्ना पालिकाभित्रका बाढीपीडितलाई राहत वितरण गरेको हो ।

बाढीमा परी धनमालसहित घरबारविहीन भएका कचनकवल-३,६ र ७ नं वडाका १२२ घरधुरीलाई खाद्यान्न वितरण गरिएको छ । उनीहरुलाई खाने बस्नेको समस्या भएका कारण खाद्यान्न वितरण गरिएको गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीले जानकारी दिए ।तत्कालका लागि प्रत्येकलाई ३ केजी भुजा ,१ काटुन पानी ,१ केजी नुन ,१ केजी दालमोठ ,४ प्याकेट चाउचाउ ,२ लिटर खानेतेल ,२ पिस साबुन वितरण गरेको उनले बताए । गाउँपालिकाका विभिन्न वडाहरुमा बाढीबाट घरबारविहीन भएकाहरुको यकिन तथ्याङ्क सङ्कलन गरेर घरबारविहीनका लागि तत्काल आवासको व्यवस्था गरिने अध्यक्ष राजवंशीले बताए ।

त्यस्तै बिरिङ खोलाको बाढीबाट डुबानमा परेका झापा गाउँपालिकाका ४७ बाढीपीडित परिवारलाई राष्ट्रिय सवतन्त्र पार्टीको अगुवाईमा खाद्यान्न सामग्री वितरण गरिएको छ । झापा गाउँपालिकाको वडा नं ६ चन्द्रबस्तीमा पसेको बिरिङ खोलाको बाढीले डुबाएका



४७ परिवारका २३५ जनालाई वडा कार्यालयले उपलब्ध गराएको खाद्यान्न सामग्री रास्वपा सदस्य दिपक तामाङको अगुवाईमा वितरण गरिएको राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति उमेश खरेलले जानकारी दिएका छन् ।

त्यस्तै डुबानबाट बिस्थापित गौरीगञ्जका २४ परिवारलाई राहत सामग्री वितरण गरिएको छ । कन्काई नदीमा आएको बाढीले गौरीगञ्ज गाउँपालिका वडा नं. १ स्थित जनताको तटबन्ध भत्काएको छ। तटबन्ध भत्काएर गाउँ पसेको बाढीले गौरीगञ्ज गाउँपालिकाको वडा नं. १ को इश्वर बस्ती डुबानमा पारेको छ। विस्थापित भएका २४ घरपरिवारलाई सुरक्षित स्थानमा सारिएको छ। बाढीले कन्काई नदी किनारको करिब ३ सय मिटर बाँध भत्काएको गौरीगञ्ज गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष कार्तिकलाल राजवंशीले बताए । नदीमा आएको बाढीले चार दिनदेखि लगातार कटान गरेको थियो। बाँध भत्काएर बस्तीतर्फ सोभिएको बाढीले करिब एक हजार विगाह धान खेतसमेत डुबाएको छ भने हुलाकी सडकमा निर्माण गरेको कल्भर्टको स्पान भत्काएको छ । विस्थापित परिवारलाई वडा नं. १ ले आइतवार विहान तत्कालका लागि चिउरा, भुजा, पानी, चाउचाउ वितरण गरेको हो भने गौरीगञ्ज गाउँपालिकाले खाद्यान्नको व्यवस्था गरेको छ । विस्थापित परिवारलाई जिल्ला रेडक्रस सोसाइटी झापाले त्रिपालको व्यवस्था गरेको छ । बाढी पसेर धेरै बस्तीका मानिस बिस्थापित बन्न सक्ने देखेर राति नै नेपाली सेना ,सशस्त्र प्रहरी र जनपद प्रहरीलाई तैनाथ राखिएको गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीले बताइन् । उनका अनुसार कन्काई खोलाको बाँध भत्किएपछि थप समस्या हुन नदिन बाँध भत्किएको स्थानमा बाँसको अस्थायी कम्पाएल बाँधको व्यवस्था गर्न सम्बन्धित कार्यालयसंग कुरा भइरहेको छ । भत्किएको बाँध तत्काल निर्माण गर्न नसके बस्तीका सयौं घरपरिवार डुबानमा पर्ने साथै हुलाकी सडक भत्किने अवस्था रहेको छ ।

प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाको नेतृत्वमा आएको टोलीले डुबानक्षेत्र निरीक्षण गरेको थियो । नेपाली कांग्रेसका झापा जिल्ला सभापति देउमान थेवे, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीका प्रमुख, नेपाल रेडक्रस सोसाइटीका जिल्ला सभापति लोकराज ढकालसहितको टोलीले बाढीपीडितहरुको अबस्थाबारे जानकारी लिएको थियो ।

# इजरायली आक्रमणमा हेजबुल्लाह प्रमुख मारिए

एजेन्सी । इजरायलले लेबनानमा गरेको आक्रमणमा हेजबुल्लाहका प्रमुख हसन नसरल्लाह मारिएका छन् । आक्रमणमा हेजल्लाहका अन्य वरिष्ठ नेताहरू पनि मारिएको मुख्यालयमा गरेको आक्रमणमा नसरल्लाह मारिएका जनाएको छ । मारिनेमा हेजबुल्लाह कमाण्डर मोहम्मद अलि इस्मेल र उनका सहयोगी हुसेन अहमन इसमेल पनि



इजरायली सेनालाई उद्धृत गर्दै बीबीसीले जनाएको छ । इजरायली सेना आईडीएफले आफ्नो लडाकु विमानले लेबनानको राजधानी बेरुतस्थित दहियाको एक आवासीय भवनमुनि रहेको हेजबुल्लाहको मारिएका आईडीएफले जनाएको छ ।

हेजबुल्लाहले आफ्ना नेता नसरल्लाह मारिएको पुष्टि गर्दै त्यसको बदला लिने चेतावनी दिएको छ। नसरल्लाह सन् १९८२ मा हेजबुल्लाहमा आबद्ध भएका थिए। १९९२ मा मुसावीको हत्यापछि उनी हेजबुल्लाह प्रमुख बनेका थिए।

यसअघि आइडीएफले हेजबुल्लाह मुख्यालयमा 'निकै सटिक' आक्रमण गरेको जनाएको थियो । नसरल्लाहको मृत्युपछि पनि इजरायलले दक्षिण बेरुतमा आक्रमण जारी राखेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । लेबनानी अधिकारीहरूका अनुसार शनिबारका आक्रमणमा ६ जना मारिएका र ९१ जना घाइते भएका छन् । योसँगै इजरायली सेनाले लेबनानमा सोमबारयता गरेका हवाई आक्रमणका ज्यान गुमाउनेको संख्या ८ सय पुगेको छ । त्यस्तै, हेजबुल्लाहले पनि इजरायमा केही आक्रमणहरू गरेको बीबीसीले जनाएको छ। आईडीएफले शनिबार विहानै लेबनानबाट १० वटा रकेट प्रहार गरिएको जनाएको छ।

मोटरसाइकल सर्भिसिङ
गर्नुपरेमा हामीलाई सम्झनुहोस्
भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टसहरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।

सम्पर्क :
सेवा ग्यारेज
गलगलिया, भादगाउँ (मेचीपारी)
मो. ९७६३५२८४२०,९७०३२९५२८१
इन्डियन नं. +९१९६०८३४७५२३


## झापाली...

कन्चनजंघा अन्तरदेशीय सडक निर्माणका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने , इलामको भालुखोपदेखि खुदुनाबारी हुँदै बिर्तामोड तथा दुर्गापुर जोड्ने सडकका लागि पर्याप्त बजेटको व्यवस्थापन गर्नुपर्ने , दमक-चिसापानी सडकको काम प्राथमिकताका साथ अघि बढाउनुपर्ने , क्षेत्र नं. १ मा एउटा सडक र दुईवटा पुल, क्षेत्र नं. २ मा एउटा सडक र दुईवटा पुल, क्षेत्र नं. ३ मा दुईवटा सडक र तीनवटा पुल, क्षेत्र नं. ४ मा एउटा सडक र दुईवटा पुल र क्षेत्र नं. ५ मा एउटा सडक र दुईवटा पुलको अत्यन्त आवश्यकता रहेकाले त्यसको व्यवस्थापन गर्नुपर्ने , बिर्तामोडस्थित इलाका प्रहरी कार्यालय अनारमनी र जिल्ला ट्राफिक प्रहरी कार्यालयनजिकै यातायात मन्त्रालयको नामको जमिन प्रयोगबिहीन रहेकाले आवश्यकता अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने , रेल परियोजनाका लागि वर्षौंदेखि सयौं परिवारको रोक्का गरिएको जमिनको मुआव्जा प्रदान गरेर वा रोक्का फुक्का गरी उनीहरुलाई न्याय प्रदान गरिनु पर्ने , कनकाई वा शिवसताक्षीलाई स्टेशन आधार मानी इलामको विभिन्न भूभागलाई जोड्ने विद्युतीय आकाश मार्गको सम्भाब्यता अध्ययन गर्नुपर्नेलगायतका माग गरिएको छ। सोही कार्यक्रममा बिर्तामोडका नगर प्रमुख पवित्रा महतारा प्रसाईले बिर्तामोडमा अधुरा रहेका बाटोको निर्माणमा मन्त्रीको ध्यानाकर्षण गराएकी थिइन् ।

मन्त्री दाहालले आइतवार नै बिर्तामोडका विभिन्न विकास योजनाको अनुगमन गरेका छन् । मन्त्री दाहालले बिर्तामोड-भद्रपुर सडकखण्ड, शनिश्चरे रोड, हर्कलाल रोड, गोकुल जोशी मार्ग, चन्द्रमार्गलगायतको स्थलगत अनुगमन गरेको नेकपा एमाले बिर्तामोड नगर कमिटीका अध्यक्ष सुवास भट्टराईले जानकारी दिए ।

निर्माणाधीन विकास योजनाको अनुगमनपछि मन्त्री दाहालले समयमा काम सम्पन्न गर्न निर्माण कम्पनीका प्रतिनिधिलाई निर्देशन दिएका छन् । मन्त्री दाहालले बिर्तामोड वडा नम्बर ७ को पर्यटकीय क्षेत्र सहिद नेत्रपार्कको समेत अवलोकन गरेका छन् ।

नेत्रपार्कको प्रवेशद्वार नजिक रहेको देउनिया खोलामा रहेको काठे पुल प्रतिस्थापन गर्दै पक्की पुल निर्माणमा पहल गर्ने प्रतिबद्धता मन्त्री दाहालले व्यक्त गरेको एमाले नगर कमिटीका अध्यक्ष भट्टराईले बताए ।

यसअघि शनिवार मेचीनगर नगरपालिकाले मन्त्री दाहाललाई दश सुत्रीय माग राखेको थियो ।

मेचीनगरस्थित बाहुनडाँगीबाट सुरू भएर १४ जिल्लालाई जोड्ने मदन भण्डारी लोकमार्गको स्थलगत निरीक्षण गर्ने क्रममा आइपुगेका मन्त्री दाहाललाई निमित्त नगर प्रमुख मीना पोखरेल उप्रेतीले मागपत्र पेश गरेकी थिइन् ।

मागपत्रमा सडक, पुल , बसपार्क र खेलमैदानलाई समेटिएको छ । सडकअन्तर्गत संघीय निर्वाचन क्षेत्र स्तरीय रणनीतिक सडक राधास्वामी, भावना चोक, स्याङल्याङटार, इलाम जोडने सडकको बाँकी छ किलोमिटर निरन्तरता, मेची करिडोर काँकरभिट्टा, बाहुनडाँगी र सलकपुरको निरन्तरता र मेचीनगर क्षेत्रका रिङरोडलाई समेटिएको छ । मेचीनगर २ र ३ नम्बर वडामा पर्ने भावना चोक भृकुटी जोड्ने र मेचीनगर १५ को चौधरीचोक हेल्दुबारी जोड्ने निन्दा खोलामा पुल निर्माणका लागि डीपीआर सडक विभागमा रहेको तथा निर्माणाधिन अवस्थामा रहेको सुके निन्दा खोलाको पुलका लागि बजेट अभाव रहेको र सडक डिभिजन कार्यालय दमकमा यस विषयमा जानकारी गराईएको मागपत्रमा उल्लेख छ ।

मेचीनगर वडा नम्बर १ को तिरीङ खोलामा पुल र मेचीनगर ११ कालिका सामुदायिक वनबाट डिपु डाँडासम्म वडा कार्यालय जाने बाटोको हडिया खोलामा पुल निर्माणका लागि बजेट माग गरिएको छ । अन्तर ाष्ट्रिय सिमानामा रहेको नेपालको पूर्वीद्वार काँकरभिट्टामा रहेका बसपार्कलाई टर्मिनल भवनसहितको सुविधासम्पन्न बसपार्क निर्माण गर्न र त्यसका लागि डीपीआर तयार भइसकेको समेत मागपत्रमा भनिएको छ । यसैगरी, सुविधासम्पन्न रंगशालाका लागि समेत मन्त्री दाहालसमक्ष माग गरिएको छ । बाढी पहिरोले राजधानीलगायत देशभरिका सडक भत्किएर मुख्य राजमार्गहरुमा यातायात पूर्णरुपमा अवरुद्ध भएको अबस्थामा यातायात मन्त्री दाहाल झापामै रहेका छन् ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पीडितहरुलाई ध्यान देऊ

यतिबेला नेपाली जनता बाढी पहिरोले त्राहिमाम भएका छन् । शुक्रबार बिहानदेखि देशैभर सुरु भएको भारी वर्षाबाट सिर्जित समस्याका कारण जनजीवन अस्तव्यस्त भएको छ । बाढीपहिरो र डुबानमा परी हालसम्म देशभर एक सय ४८ को मृत्यु भएको छ भने ५५ जना बेपत्ता भएका छन् । विपद्मा परी एक सय एकजना घाइते भएका छन् ।

असार, साउन वा भदौको पहिलो हप्तामा मनसुन सक्रिय रहँदा वर्षाका कारण क्षति हुने गर्थ्यो तर, असोजको दोस्रो हप्तामा देशलाई एकैसाथ विपत्तिमा होम्ने गरी भएको भारी वर्षा भने पछिल्लो पुस्ताका लागि नयाँ हो । दसैं नजिकिएका कारण सुरु हुँदै गएको चहलपहल, भेटघाट, किनमेल तथा यात्रामार्फत मानिसहरू मनोरञ्जनात्मक बन्दै गएको पृष्ठभूमिमा बेहोर्नुपरेको क्षति अनपेक्षित हो ।

वर्षाका कारण शुक्रबार दिउँसैदेखि काठमाडौं प्रवेश गर्ने पृथ्वी राजमार्ग र बीपी राजमार्गमा क्षति पुगिसकेको थियो । त्यसका अतिरिक्त सबै प्रदेशका साना–ठूला राजमार्गमा समेत आंशिक क्षति पुगेका थिए । ठाउँ–ठाउँका पुल बगाएको थियो । जसकारण यातायात प्रणालीमा अवरोध सुरु भएको थियो । कतिपय स्थानमा सवारीसाधन बगाएको, पहिरोले पुरेको थियो । शनिबार बिहानदेखि भने वर्षा झन् बढ्यो । ऋायतवार भने वर्षा रोकिएपछि राहत महसुस भएको छ । प्राकृतिक विपत्तिहरू प्राय:जसो अनपेक्षित नै हुने गर्छन् । तर यस पटक भने भारी वर्षाको पूर्वानुमान गरिएको थियो । 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्ट' को निर्णयअनुसार 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्था प्राधिकरण' ले उच्च सतर्कताका लागि सूचना सम्प्रेषण गरेको थियो । त्यसको केही हदसम्म पालना पनि भयो । तर पूर्ण पालना हुन सकेन वा सम्भव भएन । त्यसैले पनि क्षति पुग्यो । पूर्वानुमान बलियो हुँदाहुँदै पनि यत्तिको क्षति बेहोर्नु दु:खद् छ ।कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहको नेतृत्वमा मुलुकको कार्यकारी अभ्यास चलिरहेको छ । उनकै नेतृत्वमा शनिबार आपत्कालीन समन्वयात्मक बैठक पनि बसेको छ । बैठकले प्रभावितलाई राहत उपलब्ध गराउने, घाइतेको नि:शुल्क उपचारको व्यवस्था मिलाउने, खानेपानीदेखि सडकसम्मका सेवालाई यथाशीघ्र सञ्चालनमा ल्याउने, परीक्षाहरू स्थगित गर्नेलगायतका निर्णयहरू गरेको छ । बैठकका निर्णयहरू इमानदारीपूर्वक र तदारुकताका साथ कार्यान्वयन गर्न आवश्यक छ ।




# मुलुकभित्रै सम्भावना खोजौं



• कवीन्द्र नेपाल

शारीरिक, मानसिक र बौद्धिक रूपमा निश्चित उमेर/तह पार गरेका व्यक्ति रोजगारी, उच्च शिक्षा अध्ययनलगायतका उद्देश्य लिई जन्मभूमि छोडेर स्थायी वा अस्थायी आप्रवासीका रूपमा अन्य देशमा जाने गर्छन् । गुणस्तरीय जीवन जिउने अभिलाषाले अविकसित देशबाटै बढी मात्रामा युवा विकसित मुलुकमा जाने गर्छन् । प्रतिभा पलायनको अवधारणा बेलायतबाट सन् १९५०/६० को दशकमा आएको हो । उक्त समयमा संयुक्त अधिराज्यबाट ठुलो संख्यामा युवा संयुक्त राज्य अमेरिका र क्यानडा पलायन हुने अवस्थालाई ब्रिटिस रोयल सोसाइटीले प्रतिभा पलायन (ब्रेन ड्रेन) का रूपमा लिएको थियो । सन् १९६५ मा ह्यरी जोन्सनले 'इकोनोमिक्स अफ ब्रेन ड्रेन' लेखमार्फत युवा पलायनको आर्थिक पाटोलाई बौद्धिक बहसमा ल्याए ।

**नेपालको अवस्था**

जनसांख्यिक लाभांशका रूपमा रहेको युवा (६१.९६ प्रतिशत) शक्तिको अधिकतम उपयोग विसं २१०३ सम्म बढी मात्रामा गर्न सकिने (सोह्रौँ योजना) प्रक्षेपण गरिएको छ । आर्थिक तथा सामाजिक विकासमा युवाशक्तिलाई मुलुकभित्रै अधिकतम उपयोग गर्नुपर्ने आवश्यकता हुँदाहुँदै यस्तो अपार स्रोत अन्य देशको उन्नति र प्रगतिका लागि दिनरात पसिना बगाई रहेको तितो यथार्थतालाई बदल्नै पर्छ । २०८० साल चैत्र मसान्तसम्म वैदेशिक रोजगारीमा जान ५९ लाख ६९ हजारले श्रम स्वीकृति लिएको तथा इपिएस प्रणालीमार्फत एक लाख चार हजार ६० जना दक्षिण कोरिया गएका छन् । वैदेशिक रोजगारीमा जानेमध्ये करिब ९४ प्रतिशत पुरुष छन् भने सरकारले वैदेशिक रोजगारीका लागि १११ वटा देश खुला गरेको छ । विदेश जान नपाएका युवा आन्दोलनमै होमिने प्रवृत्तिसमेत पछिल्लो समय देखिन थालेको छ तर अर्कोतर्फ पछिल्लो १० वर्षमा वैदेशिक रोजगारीमा गएका १० हजार २३० जनाको मृत्यु भएको तितो यथार्थ मात्र होइन शारीरिक र मानसिक समस्या बोकेर फर्किनेको संख्या पनि उल्लेख्य छ ।

प्राविधिक जनशक्ति उत्पादन गर्ने क्याम्पसमा पुल्चोक इन्जिनियरिङ क्याम्पसमा समेत प्रवेश परीक्षाका लागि आवेदन दिने विद्यार्थीको संख्या घटिरहेको समाचार सुनिन्छ । गाउँ/गाउँमा खोलिएका प्राविधिक धारका विद्यालयमा पर्याप्त विद्यार्थी तथा शिक्षकको कमीका साथै विज्ञान तथा गणित पढाउने शिक्षक पनि नपाइने अवस्था छ । अर्कोतर्फ उच्च शिक्षा अध्ययनका लागि अनुमति लिनेको संख्या आव २०७९/८० मा १,१०,२१७ पुगेको छ जुन २०७१/७२ को तुलनामा तीन गुणाभन्दा पनि बढी हो ।

**युवा सोचमा पनि समस्या**

मुलुकमा जनसांख्यिक लाभांशको उन्नत अवस्था हुँदाहुँदै युवा/प्रतिभा पलायनको आक्रान्त अवस्थाबाट गुज्रिनु परेको छ । शारीरिक रूपमा सक्षम युवा मध्यपूर्वको विकासका लागि पसिना चुहाइरहेका छन् भने १० जोड दुई उत्तीर्ण तथा अध्ययनरत युवाको ठुलो संख्या पनि विदेश पलायन हुने व्यग्रतामै बसेको छ । एउटा युवा आफूले मेहनतका साथ अध्ययन गरेर प्राप्त गरेको लब्धाङ्कपत्र पाउँदाभन्दा भिसा लाग्दा बढी खुसी हुने मात्र होइन घरमा भोज गर्ने प्रचलन पनि अब सामान्य हुन थालिसक्यो । एमबिबिएस, इन्जिनियरिङ, कृषि, वन तथा अन्य प्राविधिक विषय अध्ययन गरेको व्यक्तिले समेत किन नेपालभित्रै अवसर खोज्न र सिर्जना गरी जन्मभूमिमै सेवा गर्न चाहँदैन ?

जहाँ जे रोप्यो त्यही उम्रने उर्वर देश छोडेर 'लर्न एन्ड अर्न' भनी अन्य मुलुकमा जान पाउँदा युवाले गर्व महसुस गर्छन् । अन्य देशका असल अभ्यासलाई हाम्रो माटो तथा परिवेश सुहाउने ढङ्गले उपयोग गर्नु पर्छ विदेश नै पलायन हुनु मात्र समस्या समाधान होइन भन्ने सोचको स्वःजागरण युवामा आउनै पर्छ । युवा गाउँ मात्र होइन लाखौं खर्च गरेर ज्यान जोखिममा राखेर अवैध बाटोबाट मुलुक छोड्नमै उद्धत छ ।

**सरकारी सेवामा पनि पलायन प्रवृत्ति**

प्रतिस्पर्धात्मक परीक्षामार्फत सरकारी सेवामा प्रवेश गरी जीवनको उर्वर समय बिताए पनि जीवन धान्न धौधौ हुने अवस्था छ । काम गरिरहेको सङ्गठनबाट पाइने सीमित अवसर र सुविधामा पनि विभेदको महसुस गर्दा सरकारी सेवा अस्थायी तथा स्थायी रूपमा छोड्ने प्रवृत्ति निजामती सेवा र सुरक्षा निकायमा उल्लेख्य मात्रामा छ । आव २०८०/८१ मा करिब ८०० जना निजामती कर्मचारीले सेवा अवधि बाँकी रहँदा नै राजीनामा दिएको देखिन्छ । यसै अवधिमा नेपाल प्रहरीका ७९२ जनाले अवधि नसकिँदै राजीनामा दिएको विवरण सार्वजनिक भएको छ । यसरी सरकारी सेवाबाट अनुभवी व्यक्ति पलायन हुँदा त्यसको प्रतिकूल असर सेवा प्रवाहमा पर्छ भने यस्तो अवस्थाको चित्र सार्वजनिक हुँदा सरकारी सेवामा प्रवेश गर्न चाहने युवामा पनि नकारात्मक असर पर्ने देखिन्छ । सरकारी संरचना स्लिम बनाउने, सेवा सुविधा न्यूनतम आवश्यकता अनुरूप निर्धारण गर्ने, वृत्ति विकासलाई अनुमानयोग्य र पूर्णतः योग्यता प्रणालीसँग आबद्ध गर्नु अति आवश्यक छ । यसो हुन सकेमा मात्र अनुभवी जनशक्तिलाई सेवामा टिकाउन (रिटेन्सन) तथा श्रम बजारमा रहेका युवालाई सरकारी क्षेत्रमा आकर्षित (एट्र्याक्सन) गर्न सकिन्छ ।

**मुलुकभित्रै सम्भावना खोजौं**

कसैको दासत्व स्वीकार नगरेका आफ्नै गौरव गाथा भएका हामी नेपाली विश्वको जुनसुकै कुनामा जाँदा पनि गर्व महसुस गर्दछौं । पूर्वजले जिम्मा लगाएको यस्तो मातृभूमिलाई विकास र समृद्धिको शिखरमा पुऱ्याउने जिम्मेवारी युवा पुस्ताको काँधमा छ । युरोप, अमेरिका मात्र होइन जापान, दक्षिण कोरिया तथा सिङ्गापुरलगायतका मुलुक यसै सम्पन्न भएका होइनन् । न उक्त देशको समृद्धि कसैले उपहारका रूपमा दिएको हो । उक्त देशहरूको विकासमा युवा जनशक्तिकै महत्वपूर्ण र निर्णायक भूमिका देखिन्छ । मुलुकप्रति निष्ठावान् तथा इमानदार नेतृत्वले कसरी सिङ्गापुरलाई तेस्रो विश्वबाट पहिलोमा पुऱ्याए । कोरिया युद्धबाट तहसनहस भएको दक्षिण कोरिया तथा दोस्रो विश्वयुद्धबाट ध्वस्त भएको जापानलाई विकासको चुलीमा पुऱ्याउन असल नेतृत्वलाई त्यहाँका युवाले कसरी साथ दिएका थिए । यस्ता विषयमा युवापुस्ता सचेत भई राष्ट्रनिर्माणको अभिभारा लिन उत्प्रेरित हुनु जरुरी छ ।

हामीले भन्न सक्छौं हाम्रा त नेता नै ठिक भएनन् तर राणाशासन देखि गणतन्त्रसम्मको लामो र कठिन राजनीतिक यात्रामा उनीहरूले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्नै पर्छ । अब शासकीय नेतृत्वमा रहेकाहरूलाई सत्ता र शक्तिको स्वार्थमा भुल्न नदिने तथा खबरदारी युवाले नै गर्नु पर्छ । अबको २०/३० वर्षपछिको नेपाल कस्तो बनाउने यो पनि युवाकै काँधमै छ । हामीले आफ्नै बलबुता तथा सङ्घर्षले ल्याएको राजनीतिक व्यवस्थालाई परिस्कृत र उन्नत बनाउँदै नेपाललाई समृद्धिको शिखरमा पुऱ्याउन विदेशमा १८ घण्टा होइन नेपालकै आटो पिठो खाएर तपाईं हामी लाग्नै पर्छ । राजनीतिक अस्थिरता, रोजगारीका अवसरको सीमितता, कमजोर सामाजिक सुरक्षा, शिक्षा र स्वास्थ्य सुविधा महँगो, सीमित अवसरमा पनि राजनीतिक प्रभाव आदि कारणले देश छोड्ने निर्णय गरी आफ्नो उर्जा अन्य देशको समुन्नतिका लागि किन खेर फाल्ने ? अब त विकसित देशले अँगालेको संस्कारयुक्त राजनीति, सामाजिक चेतना र अभियान, नागरिकको तहबाट मुलुकका लागि केही गर्नु पर्छ भन्ने स्वःजागरण, कानुनी शासनको प्रत्याभूति, अवसर वितरणमा पूर्णतः योग्यता प्रणालीको प्रयोग नेपालमै गरौं । विदेशमा देखेका, भोगेका र सिकेका अनुभवसहित नेपाललाई नेपाल जस्तै बनाउने दायित्व नागरिकका रूपमा विदेशिएका युवाको होइन र ?

**अन्त्यमा**

विकास, समृद्धि र सुशासनको दीर्घकालीन लक्ष्य प्राप्तिमा योगदान गर्ने र समृद्धिको फल उपयोग गर्ने पनि युवा शक्ति नै हो । युवालाई मुलुकमा टिकाउन तथा पलायन भएकालाई फर्काउन राज्यका तर्फबाट आवश्यक नीतिगत, कानुनी र कार्यक्रमगत प्रबन्ध गर्नुका साथै राजनीति, प्रशासन, निजी क्षेत्र तथा प्रत्येक नेपाली स्वयम्मै निष्ठा र इमानदार नमुना बनेर भविष्यप्रति आशाको सञ्चार (होप सर्कुलेसन) गराई समृद्ध नेपाल निर्माण गर्नु पर्छ ।

# शरीरको 'पावर हाउस'



• डा.शेखर राजभण्डारी



मुटु मानव शरीरको 'पावर हाउस' हो, जसले रक्तनलीमार्फत रगत पम्प गरेर शरीरका विभिन्न अङ्ग चलायमान बनाउन मिलेर काम गरिरहेको हुन्छ । अव्यवस्थित जीवनशैली, खानपान र तनावलगायतका कारण मुटुमा समस्या देखिन्छ ।

विभिन्न समस्याका आधारमा मुटुमा समस्या छ कि छैन भनेर परीक्षण र पहिचान गर्न सकिन्छ । बिरामी प्रायः छाती दुखेर आउने हुन्छन् भने कोही सामान्य हिँडडुल गर्दा पनि स्याँ-स्याँ हुने समस्या लिएर आएका हुन्छन् । कसैलाई ढुकढुकी बढ्ने पनि हुन्छ । यस्तो अवस्थामा हामी मुटु रोग हो कि भनेर शङ्का गर्छौं ।

मुटु रोग हो कि भनेर प्रारम्भिक रूपमा पत्ता लगाउने प्रक्रिया भनेको इसिजी जाँच नै हो । यसबाट हृदयाघात पनि थाहा हुन्छ । इसिजीबाट थाहा भएन, तर लक्षण छन् भने इको कार्डियोग्राम, टिमएटी, एन्जिओग्राफी, रगत परीक्षणलगायतका माध्यमबाट पत्ता लगाइन्छ । कहिलेकाहीँ बिना लक्षण पनि बिरामीमा मुटुको रोग देखा पर्छ ।

मुटुमा लाग्ने रोग के-के हुन् ?

मुटुमा विभिन्न खालका समस्या आउन सक्छन् । तीमध्ये एउटा हो-कोरोनरी आर्टरी डिजिज । कोलेस्टेरोललगायतका कारण मुटुमा रगत प्रवाह हुने रक्तनलीमा अवरोध हुने समस्या हो यो, जसले गर्दा हृदयाघात हुने जोखिम हुन्छ । अर्को भल्भसम्बन्धी समस्या हुन्छ । कसैको वंशाणुगत रूपमै मुटुमा प्वाल हुने, मुटु कमजोर हुने, धड्कनसम्बन्धी समस्या हुने हुन्छ । बाथ रोगका कारण पनि भल्भहरू खराब हुँदै जान्छन् । यसैगरी, जन्मजात हुने कतिपय मुटुसम्बन्धी समस्या भने पत्ता लाग्न सकिरहेका हुँदैनन् । यस्ता समस्या पछि कुनै कारणवश परीक्षण गर्दा थाहा हुने हुन्छ । कतिपयको भने गर्भमै थाहा भएको हुन्छ । यसरी हेर्दा मुटु रोगलाई जन्मजात मुटु रोग, बाथ मुटु रोग र जीवनशैलीका कारण वयस्क उमेरमा हुने मुटु रोग गरी तीन खालमा विभाजन गर्न सकिन्छ ।

**हृदयाघात**

मुटु रोगमध्ये हृदयाघात पनि मानव मृत्युको प्रमुख कारण बन्दै आएको छ । मुटुको रक्तनली विभिन्न कारणबाट बोसो अर्थात् कोलेस्टेरोल जमेर साँघुरो हुने गर्छ । जसका कारण मुटुमा रगतको प्रवाहमा अवरोध उत्पन्न हुन्छ र मुटुका मांसपेशीमा पर्याप्त मात्रामा ग्लुकोज र अक्सिजन पुग्दैन । बिस्तारै कोरोनरी रक्तनली पूरै बन्द हुने सम्भावना बढ्छ । मुटुमा रगतको प्रवाह पूरै बन्द हुँदा मुटुको मांसपेशी क्षतिग्रस्त हुन थाल्छ । यो क्रम लम्बिँदै जाँदा मुटुले काम गर्न छाड्छ, जसलाई हृदयाघात भनिन्छ । हृदयाघात हुँदा छातीको बिच भागमा पीडा हुन्छ । स्याँ-स्याँ हुने, पसिना आउने पनि हुन्छ । यस्तो व्यक्तिले समयमा उपचार नपाए तत्काल मृत्यु हुन सक्छ । कतिपय मधुमेहका रोगीमा विना लक्षण पनि हृदयाघात हुने सम्भावना हुन्छ । हृदयाघात भएकाहरूलाई मेडिकल म्यानेज, एन्जिओप्लास्टी तथा ओपन हर्ट सर्जरीका माध्यमबाट उपचार गरिन्छ ।

**हार्ट फेल**

हृदयाघात तथा भल्भको समस्याको समयमा उपचार भएन भने मुटुले काम गर्न छाड्छ, जसलाई हार्ट फेल भन्न गरिन्छ, जुन मुटु कमजोर हुँदै गएर काम गर्न छाड्ने अवस्था हो ।

**मुटु रोग लाग्ने कारण**

विश्वमा नसर्ने रोग महामारीकै रूपमा वृद्धि भइरहेको छ । त्यसमा पनि मुटुजन्य रोगका कारण बर्सेनि दुई करोडभन्दा बढी मानिसको मृत्यु भइहेको पाइन्छ । नेपालमा पनि स्वास्थ्य मन्त्रालय र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा गरेको एक अध्ययन अनुसार ७१ प्रतिशतभन्दा बढी नागरिकको नसर्ने रोगका कारण मृत्यु हुने गरेको छ ।

उच्च रक्तचाप, मधुमेह तथा उच्च कोलेस्टेरोल भएकाहरू, बढी धूमपान गर्ने तथा परिवारका अरू सदस्यलाई मुटु रोग भएकाहरू मुटु रोगको जोखिममा पर्छन् । आजकाल अव्यवस्थित जीवनशैली, खानपान र तनावले पनि मुटु रोग निम्त्याइरहेको छ । प्राकृतिक खानपानको परम्परा हटिसकेको छ । पहिला गाउँघरमा बस्थ्यौं, काम गर्थ्यौं, त्यसक्रममा शारीरिक अभ्यास हुन्थ्यो । आजकल शारीरिक अभ्यास एकदम कम छ । कार्यालय पनि गाडीमा जाने, कुर्सीमा बसेर काम गर्ने र शारीरिक क्रियाकलाप नहुने गरेको छ तर पनि हाम्रो खानपिन उस्तै छ । चिल्लो बढी भएको खानेकुराहरू खाने, रेस्टुराँमा खाने, जङ्कफुड बढी खाने चलन छ । त्यसले पनि मुटु रोग निम्त्याइरहेको छ ।

**कुन उमेर समूहका लागि मुटु रोग लाग्छ ?**

पहिले ४० वर्ष नाघेकामा मुटु रोग देखिने गर्थ्यो । आजकाल यो नै उमेर समूहका लागि मुटु रोग लाग्छ भन्ने छैन । अचेल १८ वर्षकै युवालाई पनि मुटु रोग लागेर एन्जिओप्लास्टी गर्नुपरेका उदाहरण छन् । त्यसैले यो उमेर समूहका लाई मुटु रोग लाग्दैन भनेर ढुक्क भएर बस्न मिल्दैन ।

**नेपालमा उपचार सुविधा**

नेपालमा मुटु रोगका लागि लगभग सबै उपचार सेवा उपलब्ध भइसकेका छन् । नर्भिक अस्पतालमा पनि भारतसहित युरोप, अमेरिकामा उपलब्ध अत्याधुनिक उपचार प्रविधि उपलब्ध छ र समयमै उपचार हुन्छ । विदेशमा मुटुको रोग पत्ता नलागेकामा समेत मुटु रोग पत्ता लगाएर उपचार गरेर पठाइएका उदाहरण छन् नेपालमा । केही समयअघि बेल्जियममा बस्ने नेपाली छाती दुख्ने समस्या लिएर डाक्टरकहाँ गएछन् । डाक्टरले अरू कुनै समस्या नभएको, बरु मानसिक तनावका कारण छाती दुखेको हुन सक्ने भन्दै फिर्ता पठाइदिएछन् । ती व्यक्ति नेपाल आएपछि एन्जिओग्राफी गरेर हेर्दा रक्तनलीमा ९९ प्रतिशत अवरोध भइसकेको रहेछ । त्यसपछि एन्जिओप्लास्टी गरेर सफल उपचारपछि उनी युरोप फर्किए । यसले पनि विदेशमा समेत नहुने उपचार सुविधा नेपालमा छ भन्न सकिन्छ ।

मुटु कसरी जोगाउने ?

मुटुका बिरामीले विशेषगरी तीन वटा कुरामा ध्यान दिनु पर्छ । खानपान, शारीरिक अभ्यास र मुड । मुड अर्थात् तनावरहित जीवन । खानपानमा चिल्लो, रातो मासु, चिनी खानुहुन्न । मैदाजन्य खाद्यपदार्थ सकेसम्म खाँदै खानुहुन्न ।

यस्तै, कम्तीमा पनि आधा घण्टा नियमित शारीरिक क्रियाकलाप गर्नु पर्छ । तनावमुक्त जीवन बाँच्न सिक्नु पर्छ । धेरै महत्वाकाङ्क्षा राखेर तनाव लिने काम गर्नु हुन्न । नत्र त्यसले रोग निम्त्याउँछ । यस्तै, मुटु नियमित जाँच गर्नु पर्छ ।

हिँडडुल पनि चेकअप जस्तै हो । एकातिर शारीरिक अभ्यास हुन्छ भने अर्कोतिर हिँडडुल गर्दा छाती दुख्छ, देब्रे हात भारी हुन्छ, दाँत दुखे जस्तो हुन्छ, स्याँ-स्याँ हुन्छ भने मुटु रोग लागेको हो कि भन्ने सोचेर नजिकैको स्वास्थ्य संस्थामा गएर जचाउनु पर्छ ।

# ‘सिधा कुरा’का सञ्चालक र सम्पादकलाई कैद सजाय



झापा(प्रस) । सिधा कुरा डटकमविरुद्ध परेको अदालतको अवहेलना मुद्दामा संलग्न सबैलाई जेल सजाय हुने फैसला भएको छ। सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले आयतवार ‘फेक अडियो’ बनाउने राजकुमार तिमल्सिनालाई ६ महिना र प्रकाशन/प्रसारण गर्ने सिधा कुरा अनलाइनका सञ्चालक युवराज कँडेल र कार्यकारी सम्पादक नवीन ढुंगानालाई ३/३ महिना कैद सजाय सुनाएको हो।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाश कुमार ढुंगाना, हरिप्रसाद फुँयाल, नहकुल सुवेदी, विनोद शर्मा, महेश शर्मा पौडेल र बालकृष्ण ढकाल रहेको बृहत् पूर्ण इजलासले मुद्दाको किनारा लगाएको हो।

‘प्रत्यर्थीहरूबाट अदालतको अवहेलना हुने कसूर भएको छ वा छैन? निजहरूलाई प्रतिवेदन मागबमोजिम अदालतको अवहेलनामा सजाय हुनुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा हेर्दा, माथिल्ला प्रकरणहरूमा विश्लेषण गरिएअनुसार विवादित सामग्री सत्यतामा आधारित नभई भ्रामक, झुठा, बनावटी, काल्पनिक, स्वकल्पित र स्वसृजित रहेको पुष्टि हुन आएको छ। यस्तो सामग्री प्रकाशन प्रशारण गर्दा सत्यताको परीक्षण गर्ने सम्पादक/प्रकाशकको आधारभूत दायित्व निर्वहन भएको पाइँदैन। यति गम्भीर र संवेदनशील सामग्री प्रशारण गर्नुपूर्व यसको सत्यताको परीक्षणका लागि अदालत वा न्याय प्रशासनको जिम्मेवारीमा रहेका अधिकारीसँग कुनै सम्पर्कको प्रयाससमेत गरेको देखिएन,’ आदेशमा भनिएको छ, ‘यी सबै तथ्य र माथिल्ला प्रकरणहरूमा विश्लेषण गरिएका आधार प्रमाणहरूबाट प्रत्यर्थीहरू राजकुमार तिमिल्सिना, नविन ढुंगाना र युवराज कँडेलले अदालतको न्याय सम्पादनसम्बन्धी कार्यमा अवरोध गर्ने उद्देश्य बदनियत, दुरासययुक्त र प्रवृत्त भावना राखी विवादित सामग्री उत्पादन तथा प्रशारण गरी अदालत, न्यायिक प्रकृया र समग्र न्यायप्रणालीप्रति भ्रामक हल्ला फिँजाई भ्रम र अनास्था पैदा गरी अदालतको गरिमा र मर्यादामा आँच पुऱ्याएको देखिन आयो। त्यसैले यी प्रत्यर्थीहरू तीनै जनाले न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (१) र (४) बमोजिम अदालतको अवहेलनाको कसर गरेको पुष्टि हुन आयो।’

उक्त अनलाइनले सर्वोच्च अदालतका न्यायाधीश, मिडिया सञ्चालक, कानुन व्यवसायीका सम्बन्धमा भ्रामक प्रचार सामग्री तयार पारी प्रसारण र प्रकाशन गरेको थियो। उक्त कार्यले अदालतको न्याय सम्पादनमा गम्भीर असर परेको भन्दै सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्द घिमिरेले सिधा कुराविरुद्ध अदालतको अवहेलना मुद्दामा निवेदन दिएका हुन्।

सर्वोच्च अदालतले स्वतन्त्र न्यायपालिका र व्यावसायिक मिडियामाथि लाञ्छना लगाउँदै प्रकाशित मिथ्या समाचारको विषयवस्तु र प्रसारणलाई गम्भीरताका रूपमा लिँदै सिधाकुरा डटकमका प्रकाशक र सम्पादकविरुद्धको निवेदनलाई फौजदारी लगतमा राख्न आदेश दिएको थियो। ‘फेक अडियो’ सार्वजनिक भएपछि वरिष्ठतम् न्यायाधीश, कानुन व्यवसायी, सञ्चार व्यवसायी र सञ्चारकर्मीमाथि अतिरञ्जित लाञ्छना लगाइएको समाचारलाई लिएर न्यायाधीश समाज नेपाल, नेपाल बार एशोसिएसन, सर्वोच्च बारलगायतले आपत्ति जनाएका थिए।

# इलाम, पाँचथर र ताप्लेजुङमा विद्युत् सेवा अवरुद्ध



झापा(प्रस) ।पहिरोले काबेली करिडोर विद्युत् प्रसारण लाइनमा क्षति भएपछि पूर्वी पहाडका तीन जिल्लामा विद्युत् सेवा अवरुद्ध भएको छ। पहिरोले काबेली करिडोर एक सय ३२ केभी प्रसारण लाइनको इलामको महमाईमा रहेको ५१ नम्बरको टाबर ढलेको छ। टावर ढलेपछि इलाम, पाँचथर र ताप्लेजुङमा विद्युत् सेवा अवरुद्ध भएको हो।

यसैबीच, नेपाल विद्युत् प्राधिकरणले वैकल्पिक माध्यमबाट बत्ती बाल्ने प्रयास जारी रहेको जनाएको छ।

काबेली करिडोर एक सय ३२ केभी प्रसारण लाइन निर्माण भएपछि पूर्वी पहाडमा उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारणमा जोड्ने तथा यी क्षेत्रमा विद्युत् सेवा वितरणको कार्य सोही करिडोरको माध्यमबाट हुँदै आएको थियो।

# भारती बन्धु समाजद्वारा सम्मान

झापा(प्रस) । भारती बन्धु एकता समाज नेपालले प्रतिभाशाली ब्यक्तित्व एवम् जेष्ठ नागरिकलाई सम्मान गरेको छ। समाजले आइतवार बिर्तामोड-२ चारपानेस्थित पर्शुराम पार्टी प्यालेसमा आयोजित प्रथम झापा जिल्ला भारती बन्धु भेला साथै दशैं तिहार शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरी आठ जना भारती बन्धुहरुका प्रतिभाशाली ब्यक्तित्व एवम् आठ जना जेष्ठ नागरिकलाई सम्मान गरेको हो।



सोही भेलाले झापामा नयाँ नेतृत्वसमेत चयन गरेको छ।

सम्मानित हुनेमा डा. सोनु भारती, बालगायक अश्विन भारती, जनप्रतिनिधि राजुजंग भारती, पूर्व वडाध्यक्ष ध्यानबहादुर भारती, जनप्रतिनिधि सुशिला गिरी भारती, कमल भारती, प्रेम भारती, ज्ञानबहादुर भारती, जनप्रतिनिधि सूर्यमान भारती छन्।

त्यसैगरी भारती बन्धुका ७५ बर्षमाथिका आठ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको थियो। सम्मानित हुनेहरुमा भीममाया भारती, गुनमाया भारती, प्रभुराम भारती, दिलकुमारी भारती, जगतबहादुर भारती, प्रभाकर भारती, अम्बरबहादुर भारती र सरस्वती भारती रहेका छन्।

भेलाले पहिलो पटक झापामा समाजको नेतृत्व चयन गरेको छ। मानबहादुर भारतीको अध्यक्षतामा गठित समितिको महिला उपाध्यक्षमा सीता भारती र उपाध्यक्षमा लक्ष्मी भारती सर्वसम्मत चयन भएका छन्। त्यस्तै समितिको सचिवमा सुवेश भारती, कोषाध्यक्षमा डिल्लीराम भारती र सदस्यमा रामबहादुर भारती, राजकुमार भारती र जगतबहादुर भारती सर्वसम्मत चयन भएका छन्।

सोही कार्यक्रमकाबिच समाजले पाँच बुँदे घोषणापत्रसमेत जारी गरेको छ। भारती समाजले देशभरि आएको वाढी पहिरो र डुवानबाट भएको जनधनको क्षतिको दुःख ब्यक्त गरेको छ। दशनामी जातिलाई छुट्टै समावेशी कोटा कायम राखी समावेश गर्न नेपाल सरकारसमक्ष अनुरोध गरेको छ। ‘भारती थर भएको हाम्रो जातिलाई खस दशनामी जातिमा सूचीकृत गर्न जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकार तथा राष्ट्रिय समावेशी आयोगमा निवेदन गर्दछौं, बहुलजाति, भाषा, धर्म संस्कृतियुक्त राष्ट्रको संविधानको रक्षा र सम्मान गर्दछौं’ ५ बुँदे घोषणापत्रमा उल्लेख छ।

कार्यक्रममा बालगायक अश्विन भारती, गायक अनुज भारती र सीता भारतीले गायन प्रस्तुत गरेका थिए भने गीतमा भारती बन्धुहरुका आमा, दिदीबहिनी र दाजुभाईले नृत्य प्रस्तुत गरेका थिए।

भारती बन्धु एकता समाज नेपालका केन्द्रीय अध्यक्ष उमेशचन्द्र भारतीको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी तथा नेपाल दशनामी समाज झापाकी महिला अध्यक्ष पार्वता गिरीको प्रमुख आतिथ्य रहेको थियो। केन्द्रीय उपाध्यक्ष ध्यानबहादुर भारतीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि पार्वता गिरी, बिराटनगरका प्रतिनिधि सुवास भारती, सुनसरीका प्रतिनिधि लक्ष्मी भारती र झापाका टेकप्रसाद भारतीले शुभकामना मन्तव्य राखेका थिए। उनीहरुले दशनामी समाजमा भारतीहरुलाई नसमेटेको भन्दै गुनासो गरेका छन्। कार्यक्रमको सञ्चालन दिक्षा भारतीले गरेकी थिइन्।

# सुकिला नोटको वितरण शुरु

झापा(प्रस) । दसैँका लागि ‘सुकिला नोट’को वितरण आइतवारदेखि शुरु भएको छ। नेपाल राष्ट्र बैंकले आइतवारदेखि असोज २२ गतेसम्म यस्तो नोटको सटही व्यवस्था मिलाएको हो। बैंकको केन्द्रीय कार्यालय बालुवाटार, उपत्यका बाहिरका सबै शाखा कार्यालयका सटही केन्द्रहरू तथा बैंक तथा वित्तीय संस्थाका मुख्य मुख्य शाखाहरूबाट नोट सटहीको गरिनेछ।

बैंकका प्रवक्ता रामु पौडेलले यसका लागि सम्बन्धित संस्था तथा शाखा कार्यालयलाई निर्देशन दिइसकेको र आवश्यक नोट उपलब्ध समेत गराएको बताए। ’सर्वसाधारणलाई चाहिनेजति नोट सटही गर्न सक्ने व्यवस्था गरेका छौँ,’ प्रवक्ता पौडेलले भने, ’बैंकहरु आफैँसँग पनि त्यस्तो नोट छ, नपुगेको नोट राष्ट्र बैंकले उपलब्ध गराउँछ।’

सरकारले यसअघि नयाँ नोट वितरण गर्दै आएको थियो। यस्तो नोट छपाइ गरेर ल्याएपछि पहिलोपल्ट ढुकुटीबाट निकालिन्थ्यो र सटही गरिन्थ्यो। नयाँ नोट पाएकाहरू सम्बन्धित नोटको पहिलो प्रयोगकर्ता हुन्थे। त्यसरी प्राप्त गर्ने नोटको नम्बर समेत क्रमवद्ध हुन्थ्यो।

आइतवारदेखि सटही हुने नोट भने कम्तीमा एकपटक बजारमा पुगेर फर्किसकेको हुनेछ। प्रवक्ता पौडेल अनुसार देख्दा यी नोटहरू पनि नयाँ हुने बताउँछन्। सामान्यतया एकपटक प्रयोग भएर आएको पैसालाई सटही गर्ने उनको भनाइ छ। प्रयोग भइसकेकोले सामान्यतया नोटको नम्बरमा क्रम पनि मिल्दैनन्।

बजारमा नयाँ नोटको सट्टा सुकिला नोटको वितरण गर्ने निर्णय गरेका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्र बैंकका कर्मचारीमार्फत हुनसक्ने नयाँ नोटको चुहावटमा समेत कडाइ गर्न निर्देशन दिएका छन्।

मुद्रा व्यवस्थापन विभागका उच्च तहका कर्मचारीलाई गभर्नर अधिकारीले ’एक बन्डल नयाँ नोट पनि बाहिर नजाओस्’ भन्ने निर्देशन दिएका छन्। ’बजारको आलोचना खेपेर नयाँ नोट नपठाउने निर्णय गरेको छु, भित्रभित्रै दुरुपयोग नहोस् भन्ने गभर्नरज्यूको निर्देशन छ,’ मुद्रा व्यवस्थापन विभागका एक कर्मचारीले भने, ’अहिले सिलप्याक गरेर राख्नुस्, तिहारपछि भेरिफाइ गर्नुपर्छ भन्ने निर्देशन छ।’

राष्ट्र बैंकले २०७९ सालमा झन्डै २२ अर्ब रुपैयाँको नयाँ नोट सटही गरेको थियो। अघिल्लो वर्ष भने यसका लागि झन्डै १३ अर्ब रुपैयाँ छुट्टाएको थियो। तुलनात्मक रुपमा कम रकम छुट्टाउँदा अघिल्लो वर्ष बजारमा नयाँ नोटको अभावको अवस्था समेत देखिएको थियो।

यसरी बजारमा माग हुनेजति सटही गरिदिँदा २०/२२ अर्बको नयाँ नोट बजारमा जाने भन्दै यसको छपाइ लागत डेढदेखि दुई अर्ब लागत पर्ने केन्द्रीय बैंकका अधिकारीहरू बताउँछन्। नयाँ नोटको वितरण रोक्दा त्यो पैसा बचत हुने उनीहरूको एकसरो बुझाइ छ। यद्यपि सुकिला नोट भनेर वितरण गरिएको नोट पनि थप झुत्रो हुनसक्ने अवस्थामा नयाँ नोट साट्दाको ‘खुद बचत’ कति हो भन्नेबारे यकिन छैन।

अग्रिम टिकटको बुकिङ र नयाँ नोटको सटहीलाई आम नागरिकले दसैँको माइलस्टोनको रुपमा बुझ्दै आएका थिए। शनिबारदेखि अग्रिम टिकट बुकिङ सुरु भएको छ भने आइतवारदेखि नोट सटही पनि शुरु भएको छ।

तर, नयाँ नोटको सट्टा सुकिला नोट वितरण गर्ने भएपछि नोट सटहीमा उत्साह देखिएको छैन। दुई वर्ष अघिसम्म राष्ट्र बैंकमा सहकारी संस्थाहरुले लाखौं सहटी गरेर लगेर बाँड्थे। कलंकीस्थित एक सहकारीका प्रबन्धक भन्छन्, ‘पोहोर सहकारीलाई राष्ट्र बैंकले सटही गरिदिएन तरपनि सोधखोज ब्यापक थियो, यसपाली नयाँ नोट नदिने भनेपछि चासो नै कम भएको छ।’ कतिपयले भने राष्ट्र बैंकको यो कदमलाई बहुसंख्यक नेपालीको सांस्कृतिक आस्थामाथिको प्रहारको रुपमा समेत अर्थ्याउने गरेका छन्।

# मौसमअनुकूल भएसँगै हवाई सेवा सञ्चालन



झापा(प्रस) । मौसम अनुकूल भएसँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै अन्य आठ वटै विमानस्थलबाट हवाई सेवा सञ्चालन भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार आइतवार राति १० बजेसम्म ‘इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स’ (आइएफआर) प्रणालीमा उडान अनुमति दिइएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सबै आन्तरिक र अन्तर्राष्ट्रिय उडान भइरहेका छन्। प्रतिकूल मौसमका कारण शुक्रबार र शनिबार चार सयभन्दा बढी उडान रद्द भएका थिए।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक एक सय ५० देखि एक सय ६० उडान हुने गरेका छन्। सुर्खेत विमानस्थलबाहेक सबै विमानस्थलबाट उडान भइरहेको छ। यसअघि प्राधिकरणले प्रतिकूल मौसमका कारण शुक्रबार साँझ ७:०० बजेदेखि शनिबार दिउँसोसम्म सबै आन्तरिक उडान स्थगन गरेको थियो।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस्।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ।


प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज आकस्मिक धनलाभ हुनेछ। महिला वर्गबाट सहयोग मिल्नेछ।

**वृष** कूटनीतिक नियोगको सहयोग मिल्ला। पारिवारिक सद्भाव पनि बढ्नेछ।

**मिथुन** आज शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**कर्कट** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**सिंह** आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ।

**कन्या** अरूलाई प्रभावित पारेर काम बन्नेछ। आयआर्जनका क्षेत्रमा सुधार आउनेछ।

**तुला** बन्न लागेको काम बिग्रनसक्छ। प्रेममा बाधाका साथै मन कमजोर रहला।

**वृश्चिक** सामाजिक संस्थाबाट सहयोग र पदोन्नतिको सम्भावना प्रबल रहेको छ।

**धनु** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ।व्यापार, व्यवसायमा चैं लाभ नमिल्ला।

**मकर** नयाँ कार्यको प्रारम्भ हुने र पुनर्मिलनको योग पनि रहेको छ।

**कुम्भ** लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। सामान हराउने भय पनि छ।

**मिन** आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। सौन्दर्यतामा धन खर्च हुनेछ।